'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : २६ विहिबार ०४ असोज, २०८१ 20 (Friday) September 2024 पृष्ठ ४, मूल्य रु : १०/-

# कर्णालीका यी ९ स्थानीय तहमा हुँदैछ उपनिर्वाचन

• नमस्ते समचारदाता
जुम्ला, असोज/०३

आगामी मंसिर १६ गतेका लागि सरकारले स्थानीय तहको उपनिर्वाचनको मिति तय गरि सकेको छ। त्योसँगै उपचुनावको तयारी अघि बढिसकेको आयोगले जनाएको छ। निर्वाचन आयोगका अनुसार देशभरका ४१ स्थानीय तहमा उपनिवर्वाचन हुँदैछ। तीमध्ये कणर्णाली प्रदेशका नौ स्थानीय तहमा पनि उपनिर्वाचन हुन लागेको छ। विभिन्न कारणले रिक्त रहेका कर्णालीका नौ स्थानीय तहमा पनि उपनिर्वाचन हुने भएको हो। कर्णालीका दशमध्ये दैलेख,जाजरकोट,रूकुमपश्चिम,हुम्ला,कालीकोट र डोल्पामा उपनिर्वाचन हुनेछ। उपनिर्वाचन मार्फत एक अध्यक्ष,एक नगर उपप्रमुख र दुई उपाध्यक्ष तथा पाँच जना वडाअध्यक्ष चुनिदैछन्। २०७९ को स्थानीय तहबाट नेपाली




काँग्रेसबाट एक अध्यक्ष,एक उपाध्यक्षसहित एक वडा अध्यक्ष निवार्वाचित भएका थिए। नेकपा एमालेबाट दुई जना वडाअध्यक्ष र नेकपा (माओवादी केन्द्र) बाट एक उपाध्यक्षासहित दुईजना वडाअध्यक्ष जनप्रतिनिधि निर्वाचित भएका थिए। दैलेखको महाबु गाउँपालिकाको नयाँ अध्यक्ष चुनिँदैछ। २०७९ को निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट लक्ष्मण गुरूङ अध्यक्ष निर्वाचित भएका थिए। उनको २०७९ माघ २७ गते हृदयघातका कारण निधन भएको थियो। काांग्रेसबाटै निर्वाचित भएको जाजरकोटको नलगाढ नगर पालिकामा उपप्रमुख पद रिक्त छ। नलगाडकी उपप्रमख सरिता सिंहको २०८० कातर्तिक १८ गते भुकम्पमा परि निधन भएको थियो। यस्तै रुकुम पश्चिमको सानोभेरी गाउँपालिका ५ नम्बर वडा अध्यक्षको लागि उपनिर्वाचन हुन लागेको हो। लामो समयदेखि कलेजो, मृगौला र फोक्सोको समस्याले ग्रसित तत्कालीन वडाअध्यक्ष खनालको २०८० माघ २२ गते उपचारको क्रममा मृत्यु भएको थियो। नेकपा (माओवादी केन्द्र)बाट हुम्लाको सर्केगाड गाउँपालिकाका उपाध्यक्ष निर्वाचित चन्द्रसिंह कार्कीको यहीँ भाद्र ४ गते सवारी दुर्घटनामा परि निधन भएपछि उक्त पद रिक्त छ। यस्तै कालीकोटको तिलागुफा नगरपालिका ४ नम्बर वडा अध्यक्ष परबहादुर शाहीको निधन भएपछि खाली रहेको पदका लागि चुनाव हुन लागेको हो। जाजरकोटको कुसे गाउँपालिका ७ नम्बर वडा अध्यक्ष मनबहादुर घर्तीको निवर्वाचित भएको दुई महिनामै २०७९ असारमा निधन भएको थियो। यसैगरी नेकपा एमालेका तर्फबाट निर्वाचित दैलेखको दुल्लु नगरपालिकाको १३ नम्बर वडा अध्यक्ष बिर्खबहादुर शाहीको २०८० असारमा ब्रेन ट्यूमर र डोल्पाको त्रिपुरासुन्दरी नगर पालिका ५ नम्बर वडा अध्यक्ष नन्दलाल रोकाको निधनपछि पद खाली छ। सो पदका लागि फेरि निर्वाचन हुन लागेको हो।

# संविधान दिवसमा 'सांसदसँग विद्यार्थी' कार्यक्रम

• नमस्ते समचारदाता
बाँके, असोज/०३



बाँकेको एक विद्यालयले सांसदसँग विद्यार्थी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। बैजनाथ गाउँपालिका -५ स्थित प्रभात नमुना माध्यमिक विद्यालयले बिहीबार सांसदसँग विद्यार्थी कार्यक्रम गरेको हो। नवौं संविधान दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रममा सांसद र विद्यार्थीबिच अन्तरक्रिया गरिएको छ। 'नेपालको संविधान २०७२ मा शिक्षासम्बन्धी व्यवस्था र कार्यान्वयनको अवस्था' विषयमा विद्यालयमा अध्ययनरत विद्यार्थीले बाँके निर्वाचन क्षेत्र नम्बर ३ (१) बाट लुम्बिनी प्रदेशसभा सदस्य र हनुभएका सांसद रत्न खत्रीसँग अन्तर्क्रिया गरिएको हो। विद्यार्थीले सामुदायिक विद्यालय र निजी विद्यालयका बिचमा देखिएका असन्तुलनका बारेमा, शिक्षामा देखिएका गुणस्तरका बारेमा, सामुदायिक विद्यालयमा अङ्ग्रेजी भाषा कमजोर हुने गरेको बारेमा तथा अन्य क्षेत्रमा काम गर्दा योग्यता लागु हुने गरेको तथा राजनीति क्षेत्रमा सांसद र मन्त्री हुनलाई किन योग्यता लागु नहुन सकेको लगायतका विषयमा सांसद खत्रीलाई जिज्ञासा गरेका थिए। पूर्व सामाजिक विकास मन्त्रीसमेत रहनुभएका सांसद खत्रीले विद्यार्थीले राखेका जिज्ञासाको जवाफ दिए। उनले सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्नलाई यस प्रकारका कार्यक्रम महत्त्वपूर्ण हुने बताए। कार्यक्रमले विद्यार्थीले धेरै विषयमा ज्ञान हासिल गर्न सक्ने र युवा पिँढीको राजनीतिप्रतिको धारणा सकारात्मक बन्ने बताए। उनले इतिहासमै पहिलो पटक जनताका प्रतिनिधिले आफ्नो विवेक प्रयोग गरेर संविधान लेखेको कुरा आफैँमा ठुलो उपलब्धि भएको बताए। संविधानले जनताका मौलिक हकका कुरालाई उत्कृष्ट ढङ्गबाट उठाउँदै गर्दा नागरिकको कर्तव्यबोध गराएको बताए। विद्यालयमा कक्षा १० र १२ मा अध्ययनरत करिब दुई सयभन्दा बढी विद्यार्थी कार्यक्रममा सहभागिता रहेको थियो। दुई दर्जन बढी विद्यार्थीले संविधानको व्यवस्था तथा अवस्थाका बारेमा सांसद खत्रीसमक्ष आफ्ना जिज्ञासा राखेका थिए।

# राष्ट्रिय एकतालाई सुदृढ बनाउन आवश्यक छः मुख्यमन्त्री कँडेल

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०३

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन संविधानको सफल कार्यान्वयन आवश्यक रहेको बताएका छन्। संविधान दिवसको अवसरमा शुभकामना दिँदै मुख्यमन्त्री कँडेलले सो कुरा बताएका हुन्।आफ्नो शुभकामना सन्देशमा उनले नेपाली जनताको सात दशकभन्दा लामो संघर्ष र बलिदानपछि जननिर्वाचित संविधानसभाद्वारा नेपालको संविधान जारी भएको ऐतिहासिक क्षणको सम्झना र सम्मान गर्न संविधान दिवसलाई राष्ट्रिय दिवसको रूपमा समेत मनाई रहेका उल्लेख गरेका छन्। संविधान दिवस तथा राष्ट्रिय दिवसको यस अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक बधाई एवम् शुभकामना समेत उनले दिएका छन्। उनले यस अवसरमा विभिन्न आन्दोलनको क्रममा जीवन गुमाएका ज्ञात अज्ञात सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनको अगुवाइ गर्ने अग्रजहरू प्रति सम्मान व्यक्त गर्दै सबै वर्ग, क्षेत्र र समुदायको योगदानको प्रशंसा गरे। त्यसैगरी, आफ्नो सन्देशमा संविधान कानुनी सिद्धान्तमा आधारित राजनीतिक सहमतिको दस्तावेज भएको उल्लेख गरेका छन्। यसमा लिपिबद्ध नागरिक अधिकारलाई कार्यान्वयन गर्दै नागरिकका आवश्यकताको सम्बोधनका लागि यति बेला सबै अधिकतम तदारुकता जरुरी रहेको उल्लेख गरेका छन्। संविधान निर्माणसँगै जनताको राजनीतिक अधिकार प्राप्तिका लागि गरिने संघर्षको चरण सम्पन्न भएपछि अब मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने अहिलेको प्रमुख कार्यभार भएको पनि उनले




सन्देशमा उल्लेख गरेका छन्। यो कार्यभार पुरा गर्न प्रदेश सरकार क्रियाशील रहेको शुभकामना सन्देशमा उल्लेख गरिएको छ। प्रदेश संरचना नै संघीयताको खास पहिचान भएकाले मुलुकमा राजनीतिक स्थायित्व कायम गरी समृद्धि हासिल गर्न तीन तहका सरकारबीच समन्वय जरुरी रहेको पनि उल्लेख गरिएको छ। संविधानले सहकार्य, समन्वय र सहअस्तित्वलाई आत्मसात गरेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले संविधानको यो मूल मर्म अनुसार यो दिवसले संविधान प्रदत्त नागरिक अधिकारप्रति कर्तव्यनिष्ठ र थप जिम्मेवार बन्न तीनै तहका सरकारलाई अझ प्रेरणा मिल्ने नै छ भन्ने कुरामा आफू पूर्ण विश्वस्त रहेको जनाएका छन्। संविधानको सफल कार्यान्वयन गरी राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन र समृद्धिको दिशातर्फ उन्मुख गराउन आ-आफ्नो ठाउँबाट योगदान गर्ने सबैमा हार्दिक आह्वान पनि गरेका छन्। देश सञ्चार

# मुगुमा चाडपर्व केन्द्रीत सुपथ मुल्यको पसल खुल्दै

• नमस्ते समचारदाता
मुगु, असोज/०३

नेपालीहरुको महान चाडपर्वलाई लक्षित गरेर हिमाली जिल्ला मुगुमा सुपथ पसल आगामी असोज ७ गतेदेखि सञ्चालनमा आउने भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुगुले आज एक कार्यक्रम गर्दै चाडपर्वमा उपभोक्तालाई राहत दिनका लागि असोज ७ गतेदेखि माघ २ गतेसम्म सुपथ मूल्य पसल सञ्चालन गर्न लागेको जानकारी गराएको हो। जिल्लामा पनि सुपथ मूल्य पसल सञ्चालन गरिने बताइएको छ। चाडपर्वमा उपभोक्तालाई राहत दिन सुपथ मूल्य पसल सञ्चालन गरिएको खाद्य ब्यवस्था तथा ब्यापार कम्पनि लिमिटेड मुगुका कार्यालय प्रमुख राज बहादुर राईले बताए। सुपथ मूल्य पसलमा उपभोक्ताले प्रतिकेजि ५ रुपैयाका दरले छुट पाउने उनले जानकारी दिए। चाडपर्वमा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको खपत बढी हुने हुँदा उपभोक्तालाई राहत दिन सहुलियत पसल सञ्चालन गर्न लागिएको उनको भनाई छ। सुपथ मुल्य पसलका लागि २ हजार क्विन्टल चामल बितरण गरिने बताए।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# नितिगत रुपमा कर्णाली विभेद र अन्याय



नरेन्द्र नाथ योगी

एकात्मक राज्य सत्ताको विभेदकारी निति,कार्यशैली,सोच र व्यवहारले उपेक्षीत कर्णालीको भु(भाग माथि आज पनि त्यस्तै भै राख्या छ। कर्णालीमा आफनो बस्वर्च कायम राखी राख्न खस मल्ल राजाहरुले १३ औ शताब्दीमा १३ पटक उपत्यका तथा गोर्खालीहरु माथि आक्रमण गरेर निदहराम गरेका थिए, थिए। त्यसमा पनि लगातार सात सात पटकका उपत्यका माथि आक्रमण गर्दा उपत्यका राजाहरु).शाहावंश)को ठुला क्षेति भएको थिएन,त्यस्तै ठुलो रिश उठेको थियो। त्यसवेलादेखि शासकहरु कर्णालीदेखि क्रुद्ध र शशंकित भई रहेका थिए। नेपाल एकिरण १८४६ पश्चात गोर्खालीहरुले कर्णाली प्रति गदै आएको अपमानित व्यवहार अहिलेका शासकहरुले गरि रहेको अनुभुती कर्णालीवासीलाई भई रहेको छ। सासुको रिश बुहारी माथि, सौताको रिश बुहारी माथि पोखे जस्ता आजभोली भई रहेको छ।यो मुलुकमा लोकतान्त्रिक गणतन्त्र वाहलीका लागि जति अन्य क्षेत्रका नागरिक र जनताले त्याग गरेका थिए। त्यति कै सर्घष बलिदान कर्णालीले पनि गरेको थियो। जनयुद्धको तथ्याकं हेर्दा कर्णालीबाट झण्डै १३ सय जनाले ज्यान तथा क्षेति गुमाएका त्यसै गरि व्यपत्ता भएको पाईन्छ। अनि किन कर्णालीको भुगाल र त्यहाँ बस्ने नागरिक माथी अपमान र हेपाई तथा विभेद। के लोकतन्त्र र गणतन्त्र त्यस भु.गोलका नागरिक र जनताले अन्य प्रदेश र क्षेत्रका नागरिक सरह उपभोग गर्न किन नपाउने यस विषयमा कर्णाली प्रदेशका आम नागरिकले विश्लेषण गर्ने र सोच्ने वेला आई सकेको छ। नेपालको कुल क्षेत्रफल १४७१८१ वर्ग कि.मि. मध्य कर्णाली प्रदेशले मात्र २७९८४ वर्ग कि.मि. ( १९.०१ प्रतिशत ओगटको छ। यो प्रदेशले अरु प्रदेशको तुलनामा सबै भन्दा बढी भुगोल ओगटेका छ। त्यस भुभागमा वसोवास गर्ने झण्डै १७ लाख जनताले अन्य प्रदेश सरह राजनैतिक, आर्थिक,सामाजिक अधिकार लगायत सेवा,सुविधा र विनियोतित बजेट र विकासहरु अरु प्रदेश सरह किन ? के कति कारणले नपाउने हो यस विषयमा पनि कर्णाली वासीले अध्ययन र अनुसन्धान गर्नु पर्छ।

२०७८ सालको जनगणना अनुसार कर्णाली प्रदेशको जनसंख्या १६ लाख ९४ हजार८सय ८१ (५.८१ प्रतिशत) छ। मधेश र बागमती प्रदेशमा ६१ लाख.२६हजार २सय८८ ( २०.९९प्रतिशत छ। त्यस्तै गरि बागमती प्रदेशको जनसंख्या ६० लाख ८४हजार ४२ ( २०.८४ प्रतिशत छ ।त्यस्तै गरि निर्वाचन क्षेत्र कर्णाली प्रदेशमा संघ १२ र प्रदेश २४,मधेश प्रदेशको संघमा ३२ र प्रदेशमा ६४ र बागमती प्रदेशको संघमा ३३ र प्रदेशमा ६६ निर्वाचन क्षेत्र रहेका छन्। २०७९ को निर्वाचनमा कर्णाली प्रदेशको कुल मतदाता संख्या १००८४०३ ,मधेश प्रदेश मतदाता संख्या ३३८६६२८ र बागमती प्रदेशको कुल मतदाता संख्या ३४७१४९२ रहेको छ। नेपालको कुल क्षेत्रफल १,४७१८१ मध्य कर्णाली प्रदेशले २७९८४ वर्ग कि. मि.( १९.०१ प्रतिशत) भुगाग ओगटेका छ। मधेश प्रदेशले ९,६६१( ६.५७ प्रतिशत) र बागमती प्रदेशले २०,३०० व.कि.मि. क्षेत्रपल ओगटेको छ। नेपाल सरकारको राष्पि जनगणना आयोग , भुमि सुधार तथा नापी कार्यालयको भौगालिक विभाजनको क्षेत्रफल र निर्वाचन आयोगको राजनैतिक र मतदाता तथ्याकंलाइ विश्लेषण गर्ने हो भने जनसंख्या,मतदाता संख्या,प्रतिनिधि सभा र प्रदेश सभाका प्रतिनिधि संख्या सबै भन्दा बढी बागमती र मधेश प्रदेश नै अगाडि भएकाले पनि कर्णाली प्रदेशमा सबै कुराले पछि नै देखिन्छ। यस्तो विभेदकारी निति निर्माण तहबाटै कर्णाली प्रदेशलाई राजनैतिक, आर्थिक र सामाजिक रुपले पछि पार्ने गरिएको छ। त्यसैले कर्णाली प्रदेशवासीले कर्णालीलाई राज्यको मुल प्रवाहमा ल्याउनको लागि निति निर्माण तह मै शसोधन र परिवर्तन ल्याउनु पर्छ। त्यसका लागि कर्णाली प्रदेशवासीले कानुनी ,त्यसले नपुगेमा गैर कानुन सर्घषका लागि तयार हुनुको विकल्प छैन। कित कर्णालीवासीले शासक बर्गले बनाइको निति र संविधान र कानुनलाई स्वीकार गरेर बस्नु पर्छ। अरु प्रदेशको हाराहारीमा कर्णालीलाई सबै प्रकारले उठाउनका लागि १/२ दिन प्रतिनिधि सभाको रोष्टूममा कराएर,चिच्याइर मात्रै यो मुलुकको बर्षौ देखिको विभेद र अन्यायले मुक्ति पाउन सकिदैन , त्यसका लागि संसद र सडक दुवै तताउनु पर्छ। त्यसका लागि कर्णाली प्रदेशका सांसद,राजनैतिक दल ,नागरिक समाज र नागरिकहरु वीच निति,कार्यक्रम ,योजना र ऐजण्डाका विषयमा बृहत्तर छलफल, वहस,अन्तरक्रिया र निकर्षका लागि भेला आवश्यक पर्छ। माथि उल्लेखित जनगणनाले गरेको जनसंयख्याको तथ्याकंले भुगोल र श्रोत साधनलाई वाईपास गरेको पाईयो। नेपालको संविधान २०७२ आधारमा राज्य पुनःसंरचना गर्दा जनसंख्यालाई मात्र बढी ध्यान दिईएको देखियो। राज्यले नै अरु प्रदेशको तुलनामा कर्णाली प्रदेशलाई नितिगत रुपमा विभेद गरेको छ। केन्द्रिय शासकहरुले राज्य पुनः संरचना र निर्वाचन क्षेत्र निर्धारण गर्दा नै भु.गोललाई संरचनाको आधार बनाएनन ।राज्यले पुनः संरचना र निर्वाचन क्षेत्र निर्धारण गर्दा नै राजनैतिक विभेद र अन्याय गरेको पक्का हो। कर्णालीवासीले २०६५ साल देखि नै कर्णाली अधिकार सम्नवय समिति र पछि काठमाडौमा गठित विशेष कर्णाली स्वायक्त संर्घष समितिका नामबाट कर्णाली प्रदेश वा प्रान्त निर्माण गर्नु पुर्व कर्णाली वासीको राय सुझाव लिनु पर्छ। कर्णाली सबै प्रकारले पछि परेको हुनाले संघीय प्रदेशमा जानु पुर्व कर्णाली लाई विशेष अधिकार सहितको प्रदेश निर्माण गरिनु पर्छ। त्यसका लागि कर्णालीलाई अन्य प्रदेशको तुलनामा ल्याउनको लागि हरेक बर्ष बजेट विनियोजन गर्दा थप विशेष बजेट दिईनु पर्छ। संघ र प्रदेशमा पहुँच बढाउन वा विस्तार गर्न विशेष अधिकारको रुपमा ३ प्रतिशतदेखि ५ प्रतिशतसम्म जनप्रतिनिधि थप गरिनु पर्छ। त्यो पनि निश्चित अवधि तोकेर। अपार कर्णालीको श्रोत साधन पहिचान गरि विशेष परिचालन र व्यवस्थापन (कार्य योजना सहित)मा विशेष ध्यान दिईनु पर्छ। कर्णालीका अधिकांश जिल्ला सुर्खेत वाहेक हिमाली र पहाडी जिल्लाको रुपमा रहेका छन्। त्यहाँ जनसंख्या वा वस्ती अर्थात धनघनत्व कम छ। हिमाली तथा पहाडी जिल्लामा निर्वाचन क्षेत्र निर्धारण गर्दा भु.गोल र जनसंख्या मिलाएर गरिनु पर्छ भन्ने आवाज नउठाईएको हैनन। त्यस्तै गरि मेरो संयाजकमा बनेको कर्णाली अधिकार समन्वय समितिले जिल्लादेखि केन्द्रसम्म सरकार र पार्टीहरुलाई ज्ञापन/पत्र नबुझाईएका होईनन। म लगायत १ दर्जन कर्णालीका साथीहरु मिलेर काडमाडौ स्थित संसद भवनमा ६०१ जना सभासदहरुलाई कर्णालीको समस्याबारे तयार गरिएको कार्ययोजना र ज्ञापन पत्र नुबुझाइएका होईनन ।त्यस्तै गरि कर्णालीका त्यस वेलाका दल,तिनका नेता,सभासदहरुलाई कर्णाली क्षेत्रका समस्या र विशेष अधिकारका विषयमा छलफल ,अन्तरक्रिया,प्रविबद्धता आदिमा हस्ताक्षर गराएको थियो त्यसवेलाका। कर्णालीका सभासद,खड्क बहादुर वि.क. पुर्व कानुन मन्त्री प्रेम बहादुर सिंह,जिवन बहादुर शाही समेतको समर्थन रहको सभासद नरेश भण्डारीको संयाजकत्वमा पछिल्ला चरणमा विशेष कर्णाली स्वायत्त संघर्ष समिति बनाएर काठमाडौमा रहेका राजनैतिक दल,सरकार र प्रमलाई भेटेर कर्णालीका विशेष मुद्धाहरुबारे हात हातमा ज्ञापन/ पत्र नथमाईएका होईनन। सारांशमा भन्नु पर्दा २०६५ सालबबाट ०७२ साल भान्द्र ५ गतेसम्म कर्णालीका माग राखेर कर्णालीका पार्टी,सभासद र नागरिक समाज तथा बुद्धिजिवीहरु कर्णालीका विशेष मुद्धा बोकेर काठमाडौमा नारा,जुलुश ,पर्चा पोष्टरिगं नभएका होईनन। कर्णालीका ५ जिल्लामा विशेष मुद्धा उठान गरि कर्णालीमा बन्द हडताल पनि नभएका होईनन्। कर्णाली आन्दोलन कै क्रममा जुम्लाका होनाहार युवा हरि बहादुर कुवरलाई राज्यका सुरक्षाकर्मिले गाली हानी शहिद नबाएका हाईनन्। त्यस्तै गरि सिगों कर्णालीलाई सु.प. सँग मिसाएर कर्णालीलाई आझेल र अलपत्र पार्ने काम राज्यबाट भए पछि त्यसको विरोधमा कर्णालीले आन्दोलन गर्दा सुर्खतमा ४ जना नागरिकल शहिद नभएका होईनन। कर्णालीका यस्ता कथाव्यथा थुप्रै छन। यसको नालीवेली वेली विस्तार बताउन यस आलेखमा सम्भव छैन। आवश्यकता परे बताउने नै छौ। कर्णाली आन्दोलन मन्थर भए। यो समावेशी भनिएको लोकतन्त्रमा पनि कर्णाली हेपिनु पर्ने,विभेदमा पर्नु पर्ने र केन्द्रिय शासकको दाश भई रहनु पर्ने बाध्यताहरु ज्य का तिऊ रहेका छन्। जसका कारण यस प्रदेशले भौतिक विकास पुर्वाधारले सोचे अनुसार लहर पकड्न सकेको अवस्था छैन। विकास र समृद्धिका लागि त्यहाँका जनप्रतिनिधिदेखि नागरिकले राज्यका हरेक क्षेत्र,निकायहरुमा अहिले पनि दलाली काय मै छ। ज्यु हजुरी झन बढेको छ।,रोदन, क्रन्दन र आक्रोश व्यक्त गर्दा गदै नागरिक थाकि सके। अनि शासक वर्गका पिछलग्गु भई रहनु पर्ने बाध्यताले कर्णालीवासी दिक्दार हुन थालेका छन्। अनि आश्वाशनै आश्वाशनमा कुरेर आर्थिक बर्ष सकिन्छ। केही विनियोजित बजेट पनि समय मै निकासा हुदैन। फ्रिज जाने,अनियमितता हुन क्रम बढदो छ। कर्णाली लगायत दुर्गम हिमाली तथा पहाडी जिल्ला वा क्षेत्रलाई वर्तमान नयाँ राज्यका कल्पनाकार एवम् शिर्ष शासक दल र तिनका नेताहरुले कर्णालीलाई तलदेखि माथिसम्म भोट बैंक रुपमा उपयोग गरिएको छ। सबै पार्टीका स्थानिय नेता ,कार्यकर्ता तथा जनप्रतिनिधिलाई खल्तीमा राखेर झोले बनाई राख्ने परम्परा यदपि कायमै रहेको छ ।कर्णालीका रहेका दल,तिनका नेता,कार्यकर्ता र जनप्रतिनिधिहरु उनीहरुमा विदेशहरुलाई देखाउने सो केश वा ऐजेन्ट जस्तै व्यवहार गरिएको छ। यो अवस्था सबै दलका शिर्ष नेताहरुले केन्द्रिय सदस्य सम्मकालाई उपयोग गरि रहेको अवस्था हो। कर्णालीका केन्द्रिय सदस्य र जनप्रतिनिधिहरुलाई पार्टी पफुटदा र सरकार बनाउदा ,अनि ढाल्दा पउपयोग गरेको अनुभव म आलेखकर्तालाई प्रत्यक्ष अनुभव भएको छ ।अझ त्यस्तै व्यवहार माथिल्लो कर्णाली(साविक) लगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाहरुका नेता,कार्यकर्ता र जनप्रतिनिधिहरु माथि बढी गरको पाईयो। कर्णाली लगायत हिमाली तथा दुर्गम जिल्ला, क्षेत्रहरु जनयुद्ध र दोस्रो जनआन्दोलनमा सेल्टर र युद्धका आधार क्षेत्र बनाईयो। जनयुद्धमा ती जिल्ला र क्षेत्रका योद्धा तथा कार्यकर्ताले सबै भन्दा बढी बलिदान गरेको तथ्याङ्क झण्डै ११३ को हाराहारीमा शाहदात गरेको जनयुद्धको ईतिहास लेखनबाट थाहा पाईन्छ। त्यस्तै गरि जनआन्दोलन भाग (२ मा पनि योगदान थियो। संकटकालमा पछाडि पारेको भुभाग र त्यहाँका नागरिककालाई विशेष अधिकार र स्वायत्तता प्रदान गर्ने नारा बाँडेर जनयुद्धमा होम्याएको ईतिहास साक्षी नै छ। अहिले आएर उहाँहरु नै सरकार र शासन सञ्चालकको रुपमा आलोपालो गरि रहेका छन्। यस्तो हूँदा पनि कर्णाली लगायत उत्पिडित जिल्ला र क्षेत्रका जनता तथा नागरिक एवम् जन प्रतिनिधिहरु दल र सरकारको उच्च ओहादाको चाकरी नगरेसम्म विकास बजेट भने अनुसार विनियोजित नहुने वातावरण हिजो भन्दा आज बढदो छ ।सरकार वा शासन सत्तामा कर्णाली र उत्पिडित क्षेत्रका जनप्रतिनिधिहरुलाई तल्लो दर्जा वा पदमा राख्ने परम्परा यथावतै छ। पिछडिएका क्षेत्र वा भु भागका प्रतिनिर्धिलाई दोस्रो दर्जाको पद वा सरकारको जिम्मेवारीमा दोस्रो व्यवहार गर्ने प्रवृती अहिलेका शासकहरुले टुटाएका छैनन्। ति लोकतान्त्रिक शासक दल र नेताहरु समक्ष विशेष अधिकार ,स्वायत्तता र थप बजेटको माग गदै कर्णाली लगायत दुर्गम जिल्ला र क्षेत्रका जनताले आन्दोलन गरेर शाहदात गर्दा पनि शासक दलहररुले आन्दोलनको मर्म र बलिदान महत्व, माग पुरा नगरि उत्पिडित भुभाग र नागरिकहरुलाई वेवास्था गरेको पुष्ठी २०७२ को लोकतान्त्रिक संविधान बन्ने क्रममा संविधानसभामा यसको उत्पिडित हक अधिकार , समृद्धि र विकासबारे कुनै ठोस कार्ययोजना अनुसार सम्बोधन गर्न नसक्नु नै हो। त्यस वेला सिंहदरबारका ढोका र संसद भवनका हल भित्र रहेका प्रम,मन्त्री र संविधानसभाका सदस्यहरुको हात हातमा कर्णाली तथा उत्पिडित जिल्ला र क्षेत्रका मागहरु नपुगेका होईनन्। ती माग र उत्पिडितका आवाजहरु उनीहरुका हात हात र ढोका ढोकामा पुराएका थियौ। तिनिहरुका प्रतिलिपीहरु आजसम्म सुरक्षित छन्। आवश्यकता परे सार्वजनिक गर्ने सकिन्छ। कर्णालीका हक अधिकारका लागि जुम्ला,हुम्ला,मुगु लगायतका जिल्लाहरुमा आन्दोलनका कार्यक्रमहरु भए ,त्यो समयका पर्यटन मन्त्री टोप बहादुर रायमाझिसँग सरकारका तर्फ प्रतिनिधि र कर्णालीका वार्ता टोलीसँग कर्णालीलाई विशेष अधिकार स्वायत्तता िसहित विशेष बजेटको व्यवसथापन गर्ने ७ बुँदे सहमति भएको थियो। त्यस वेला कर्णाली अधिकार समन्वय समिति लगायत कर्णालीका आम सचेत नागरिकले आफना विशेष अधिकार लगायतका माग राखेर त्यवेलाका पुर्व पर्यटन तथा नागरिक उडडेयन मन्त्री खडक बहदुर विश्वकर्मासँग केन्द्रिय स्तर मा कर्णालीका सांसदहरु विच हवाई भाडा लगायतका माग पुरा गराउन वार्ता समिति बाएको थियो ।ती सबै विषयहरु अहिलेसम्म थाती नै रहेका छन। यस्तै यस्तै शासक दलहरुको कार्यशैली र व्यवहारले गर्दा कर्णालीका समस्याहरु आवाधिक बजेट विनियोजनमा सिमित बनाईएको छ। त्यति हुँदा हुदै आ. ब. २०८१/०८२ विनियोजित बजेट अन्तर्गत भौतिक विकास तथा पुर्वाधार मन्त्रालयमा बजेट वितरणमा सिगों कर्णाली प्रदेशका बजेट भन्दा मधेश प्रदेशका धनुषा जिल्लाको बजेट बढी भएको जुम्लाका सांसद ज्ञानेन्द्र बहादुर शाहीले संसदको रोष्टूममा उभिएर विरोध गर्ने मौका पाए। सिगों कर्णाली प्रदेशको बजेट ७ अरब माथि रहेको छ भने एउटा धनुषा जिल्लाको बजेट ८ अरब भन्दा बढी बजेट विनियोति भएको संसदबाट सांसद शाहीले विरोध गरे। यसरी कर्णालीमा बजेट विनियोजित गर्दा कनिका छराईको बाँडफाँड र विभेदै विभेद भई राख्या छ। हामीहरु भने विनियोजित बजेट तहीले भन्दा मैले ल्याए भन्ने अस्वस्थ प्रतिस्पर्धा कर्णालीका जन प्रतिनिधिले गरेका देख्दा यो पत्तिकारलाई तितो अनुभुती भई राख्या छ। कणाीलीलाई हेप्ने र चेप्नुका पछाडी कर्णाली प्रदेशबाट त्यहाँ प्रतिनिधित्व गर्ने सांसदहरु यस्ता विषयमा छलफल ,सर सल्लाह हुदैन। दोस्रो कुरा त्यहाँबाट संसदमा प्रतिनिधित्व गर्नेहरुको सिट संख्या कम छ। तेस्रो त्यस प्रदेशका सांसदहरु विभिन्न दलका छन। उनीहरु सबै आ.आफना जिल्लाको समस्यामा केन्द्रित हुन्छन। यस्को मुख्य समस्या भने कै राज्य पुनः संरचना गर्दा कर्णालीको दवावलाई माथिल्ला शासकहरुले वेवास्ता गरेको कारण हो। अर्को कुरा जनसंख्या कै आधारमा प्रदेश बनाएको र जनसंख्या कै आधारमा निर्वाचन क्षेत्र निर्धारण गरि एकोले निति निर्माण तहमा कर्णाली प्रदेशको पहुँच नपुग्नु वा कम हुनु नै हो। यो नितिगत समस्या हो। यस विषयमा लामो तयारी र योजना बनाउनु पर्छ। कर्णालीका सबै सचेत राजनैतिक नेता,कार्यकर्ता,बुद्धिजिवी,नागरिक समाज,नागरिक र जनताको साझा विषय वा सवालमा साझा अवधारणा बनाएर दवाव समुह बनाए अगाडि बढनु पर्छ। विगतमा कर्णाली नागरिक अधिकार सम्मन्वय समितिले जसरी क्षेतिपुर्ति सहितको विषेश कर्णाली स्वायक्त प्रदेशको माग सहित भुगाल, जनसख्या , जलाधार र प्राकृतिक श्रोत साधनको आधारमा संघीय प्रदेश निमार्ण गर्ने आवाज स्थानीय नेतृत्व देखि केन्द्रसम्म उठाउदै घचघच्याउने कर्णालीबाट सविधान सभासम्म पुगेका सविधान सभासदस्यहरु समक्ष कर्णालीका एक सुत्रिय रुपमा क्षतिपुर्ति सहितको विशेष स्वायत्त प्रदेश निमार्ण र प्राकृतिक साधन श्रोतको परिचालन, व्यवस्थापन र त्यसको उपयाग सम्बन्धी लगानीकर्ता सन्धी , सम्झौता गर्ने अधिकार कर्णालीलाई नै दिन पर्ने लगायतका प्रस्ताव गरेका थियो। तर त्यसमा पनि आत्म सन्तुष्टी गर्ने र अझै गर्व आशा गर्ने अवस्था सृर्जना भैसकेको छैन तापनि ती ठुला दलहरुले १६ बुँदे सहमति पछि प्रस्तावित सविधानको २०७२ को मस्यौदाको भाग (५ धारा ६० लाई चुनौती दिदै सिमाङन र नामाङकन सहितको प्रदेश जनताको माग ,आवश्यकता, पहिचान, सामार्थ्य, क्षमता ,उत्पीडन , विभेद र युगौदेखिको उपेक्षित व्यवहारको अन्त्य हुने गरि अधिकार सहितको निमार्ण गर्न राय सुझाव दिदा पनि आफुलाई लोकतन्त्रका ठेकेदार ठान्ने केही विल्ला धारी दल र नेताहरुले ७ प्रदेशबाट ६ र ६ प्रदेशमा पनि समिाङकन र नामाङकनको देश व्यापी विरोध भए पछि ७ प्रदेशको मिति २०७२ साल भाद्र ४ गते १६ बुँदे सहमतिका ४ दल मध्य ३ दल नेपाली कांग्रेस ,एमाले र तत्कालिन एमाओवादीले सार्वजनिक गरेका थिए। त्यसबाट तराई मधेश लोकतान्त्रिक पार्टी गच्छदार बाहिरएको थियो। मुलुकले पहिचानका र सामर्थ्यका आधारमा प्रदेश बनाउने जुन सहमति गरेको थियो। त्यो दलहरुको आ(आफनो चुनाव क्षेत्र सुरक्षित गर्ने र नेताहरुले आफनो अस्तित्व बचाउने खेलले गर्दा एकातिर सविधान जारी गर्ने प्रक्रिया जटिल बन्दै गएको थियो भने अर्को तिर प्रदेश र जनतालाई अधिकार दिने कुराहरु विस्तारै क्षिण बन्दै थियो। अनि असन्तुष्ट दलहरु विस्तारै मुटभेट तिर घकेलिदै थिए। यस्तो अवस्था ल्याउनेमा अहिलेका सत्ताधारी र विपक्षी दलहरु नै बढी दोषी देखिइका छन्। १६ बुँदे सहमतिका ४ दलहरु मध्य ३ दल नेपाली काग्रेस ,एमाले र एमाओवादी पार्टी त्यस वेला कर्णालीको आन्दोलन र मागलाई विषयान्तर गदै धमिलो पानीमा माछा मार्ने काम गरे। अर्का तिर कर्णालीको अपार सम्भावना , सामार्थ्य र पहिचानलाई बन्दकी राख्दै दोहनको नयाँ कुचक्र तयार गरे। कर्णालीका विभिन्न दलका केन्द्रिय सदस्य तथा सभासदहरु त्यो कुचक्रको जाँतोमा विस्तारै फस्दै,पिसिदै छन। तर युगौदेखि क्षेत्रिय उत्पिडन, विभेद ,मुल प्रवाहबाट बहिष्करण ,अर्थपुर्ण सेवा,सुविधा ,अधिकारमा विभेद र शोषण एवम पछाडी परेको कर्णालीलाई पछिल्लो ७ प्रदेशका खाँकाले कर्णालीको आन्दोलन ,माग र जनताको ज्वार भाटालाई कहाँ, के कति हक ,अधिकार ,कसरी न्याय दियो। कहाँ कसरी सम्बोधन गरिएको

बाँकी ३ पेजमा

# हिमा गाउँपालिकामा दुई नमुना विद्यालय भवन निर्माण




• नमस्ते समचारदाता
हुम्ला, असोज/०३

जुम्लाको हिमा गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा सुविधायुक्त मैत्रीपूर्ण विद्यालय भवन निर्माण गरिएको छ। आधार भूत तहमा बालबालिकाको आर्कषण बढाउन सुविधा सम्पन्न मैत्रीपूर्ण विद्यालय भवन निर्माण गरिएको हो। पेस नेपाल र प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित 'आधार परियोजना'को करोडबढी लगानीमा दुर्गमका सामुदायिक विद्यालयमा बालमैत्री बसाई व्यवस्थापन,हिउँदको चिसो छेक्ने वाल सिलिङ गरिएका कक्षा कोठा,छात्रा छात्र छुट्टा छुट्टै शौचालय भएको,भूकम्प प्रतिरोधी लगायतका सुविधा सहितको विद्यालय भवन बनेका छन् । हिमाको भैरव आधारभुत विद्यालय जोगीवाडा र महादेव आधारभुत विद्यालय कुडुमा निर्माण सम्पन्न भएको ४/४ कोठे बालमैत्री अपाङ्गमैत्री विद्यालय भवन तथा लैङ्गिक समावेशी शौचालय सहितको विद्यालय भवन बुधबार कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले उद्धाटन गरे । बुधबार आयोजित विशेष समारोहका बीच मन्त्री भण्डारीले दुई वटै विद्यालय भवनको उद्धाटनसंगै कक्षा कोठाको अवलोकन समेत गरेका छन् । दुर्गमका सामुदायिक विद्यालयमा यत्तिको सुविधायुक्त भवन बन्नु सामुदायिक शिक्षा सुधारको लागि आशा लाग्दो कार्य भएको बताए । हिमाले पढाई मेलादेखि सामुदायिक विद्यालय सुधारका क्षेत्रमा गरेको अभ्यासहरु अनुकरणीय रहेको समेत मन्त्री भण्डारीले उल्लेख गरे । हिमा गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर शाहीले दातृ निकाय संगको समन्वय सहकार्यमा हिमाले पूर्वाधार सहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने वातारण सृजना गरेको बताए । उनले भने,'मैत्रीपूर्ण पूर्वाधार बिना गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिदैन् । विद्यालय विद्यालय टिक्ने वाताबरण बनाउनु पालिकाको दायित्व हो। सबै काम पालिकाकै लगानीले सम्भव छैन् । त्यसका पेश नेपालले करोडबढी लगानी गरेर हिमाको शैक्षिक सुधारमा ईट्टा थपेको छ। यो कार्यप्रति गौरभान्वित छौ ।' भैरव आधारभुत विद्यालय जोगीवाडाको चार कोठेका विद्यालय भवन कूल ६१ लख ८५ हजार ३४३ रुपैया लगानीमा निर्माण भएको हो । भने यता महादेव आधारभुत विद्यालय कुडुमा ६३ लाख दुई हजार ८६८ रुपैया लगानीमा भवन निर्माण भएको पेश नेपाल जुम्लाका कार्यकारी निर्देशक किशोर न्यौपानेले बताए। उनका अनुसार विद्यालयको पूर्वाधार विकाससंगै कक्षाकोठा व्यवस्थापन सम्म गरी कूल एक करोड २४ लाख बढीको रकम लगानी भएको छ। आधार परियोजना अन्तरर्गत बनेका विद्यालय भवनहरु पालिकाको माग र आबश्यकतालाई मध्यनजर गर्दै सामुदायिक शिक्षा सुधारको लक्ष्यले निर्माण गरिएको हो छ। दुर्गमका सामुदायिक विद्यालयका भवन प्राय पुरानै जीर्ण भएकोले विद्यार्थी जोखिम मोलेर अध्यायन गर्न बाध्य छन्।

# राउटे युवा बिर्खबहादुर शाहीको मृत्यु



• नमस्ते समचारदाता
बुटवल, असोज/०३

एक जना राउटे युवाको गए राति मृत्यु भएको छ। ६ महिनादेखि फोक्सो र कलेजो रोगका कारण बिरामीले थलिएका २२ वर्षका बिर्खबहादुर शाहीको गए राति निधन भएको हो । बिर्खबहादुर दैलेखको गुराँस गाउँपालिका-१ सिमेसालमाको जंगलमा बस्दै आएको राउटे बस्तीका युवा हुन्। उपचारमा जानै नमान्ने राउटे समुदायका ती युवालाई प्रदेश अस्पताल सुर्खेतमा भदौ ३१ गते मात्र लगिएको थियो । शाहीको खकार परिक्षण गर्दा क्षयरोग देखिएको अस्पतालले जनाएको छ । शाहीलाई क्यान्सरको थप परीक्षणका लागि मासु लिएर चेक गर्न राउटेहरु मन्जुर नभएपछि अस्पतालले हिजो साँझ डिस्चार्ज गरेको थियो । अस्पतालबाट डिस्चार्ज गरेर साँझ बस्तीमा पुग्दै गर्दा शाहीको मृत्यु भएको थियो। बिर्खको मृत्युपछि राउटेको परम्परा अनुसार राति नै दाहसंस्कार भएको राउटे परियोजनाका शिक्षक लालबहादुर खत्रीले जानकारी दिनु भयो । ४२ घर रहेको यो राउटे बस्तीमा अहिले १ सय ३४ जना मात्र सदस्य छन्। २०७५ सालयता ४३ जना राउटेको मृत्यु भएको छ। हरेक वर्ष राउटेको जनसंख्या घट्दै गएको छ। एसियाको एक मात्र जंगलमा फिरन्ते जीवन बिताउने राउटे जातीका धेरैजसो सदस्यले अधिक मदिरा सेवनका कारण अकालमा ज्यान गुमाउँदै गएका छन् । सरकारी पक्षबाट मासिक भत्ता वितरण बाहेक यो जातीको संरक्षणमा कुनै चासो देखिएको छैन ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# नितिगत रुपमा कर्णाली........

छ ? त्या स्पस्ट नहुदै आन्दोलनलाई वीचैमा विसाउदा त्यस वेलाको आन्दोलनमा बगेको रगत र कर्णाली जनताको सक्रियताको ठुलो अपमान र उपहास भएका छ। हामीले विगतबाट एक सुत्रिय रुपमा उठाउदै आएको विशेष अधिकार सहितको कर्णाली स्वायत्त प्रदेश धाषणाको माग र त्यसै मागमा कर्णालीका केन्द्रिय सदस्य र सभासदले २०७२ श्रावण २३ गते देखि काठमाडौमा चलाईएको दवावपुर्ण आन्दोलनको क्रममा गरिएको हस्ताक्षरलाई उल्टीने गरि कुनै हालतमा पनि त्यो आन्दोलन रौकनु हुदैन भन्ने थियो । अझै पनि सकेसम्म दवावपुर्ण आन्दोलन जिल्ला (जिलाबाट गदै जानु पर्छ, शान्तिपुर्ण आन्दोलनलाई दवाउन खोजेमा त्यो स्वाभावैले विद्रोहमा बदलिने छ ।त्यसलाई जनताले अन्यथा व्याख्या गर्ने छैनन्। त्यसैले कर्णालीको आन्दालन जारी राखि राख्न यो पक्तिकार यसै आलेखबाट कर्णालीका दाजुभाई, दिदी ,बहिनी,आमा बुबा, युवा, विधार्थी, नागरिक समाज, उधोग, व्यवसायी ,दल लगायत विभिन्न तहर तप्काका आदरणी मानभावहरुलाई सादर हार्दिक अनुरोध गर्दछु । कर्णालीको मुद्धा ,समस्या र उत्पीडनलाई पुर्व प्रधानमन्त्री स्वर्गिय सुशिल कोईराला, पुर्व प्र. म.केपी आली, प्रचण्ड र देउवा लगायतलाईले कर्णालीका साझा मुद्धालाई त्यस समयमा गम्भिर रुपमा नबुझनु उनीहरुको मात्रै कमजोरी थिएन, हामीले बुझाउन नसक्नुमा पनि हाम्रो थुप्रै कमजोरी रहेका छन् ।त्यसैले अब आन्दोलनको मैदानबाट हाम्रौ उत्पडिन र समस्याहरु, अब र म्रैसँग बुझाउनु अभियान अति आवश्यक भैसकेको छ । ७ प्रदेशका खाँकाले कर्णालीलाई के कति अग्रधिकार अधिकार उत्पीडिनको आधारमा दिन खोजियो ,यस विषयमा कर्णालीवासी घोत्लीनै पर्छ । विचार विमर्श गर्नै पर्छ । केवल विरोध र ईष्टनवाजीले केही हुने वाला छैन। एक पटक कर्णालीका नागरिक,दल,जनप्रतिनिधि र जनताले सोच्नै पर्छ। यस विषयमा अहिले सोचेनौ गम्भिर बनेनौ भने हामीलाई ईतिहासले भोली सराप्ने छ ,धिकार्ने छ ।जुनसुकै सरकार र व्यवस्था आए पनि कर्णालीलाई अन्याय,विभेद,हेप्ने,चेप्ने,उपयोग गर्ने,दोस्रो दर्जाको व्यवहार गर्ने, झोले,ऐजेन्ट ,भिगमगहा, आफनो सेवा,सत्कारका लागि शासक र शासक दलहरुले उपयोग गर्ने रवैयाा कायमै राख्ने हुन भने हामी विस्फाट हुनै पर्छ। यदि यस वेला पनि गम्भिर हुन सकेनौ भने झण्डै ६/ ७ लाख जनसख्या भएका तराई ,भित्रि तराई,बगमती प्रदेश लगायत जनसंख्या भएका जिल्ला र क्षेत्रका जनसंख्याका आधारमा चुनिएर आउने प्रतिनिधिका आवाज र दवावलाई स्वीकार गरेर बस्नु पर्ने हून्छ। जिल्लाहरुले कर्णालीको जनसख्यालाई जनसख्याको वुल्डाजोरले किच्च्या( किच्च्यै गर्ने भए। ७ प्रदेशको खाँका वारे कर्णालीवासीले आज भोली नै समिक्षा गर्दै १०+१ वा १४ प्रदेशको खाँका तयारी गरि आन्दोलनको स्वरुप अगाडि बढाउनु नै श्रेस्यकर कर्णालीका दल र नेतृत्वलाई हून्छ। एक पटक ठण्डा दिमागले सोच्ने हो की ? यदि त्यसरी सोचिने होईन भने निश्चित रुपमा कर्णालीका जनताले बागती काठमाडौ,ललितपुर लगायत) मधेश र सुर्खेतको दासतालाई स्वीकार गरेर बसे जस्तै हुन्छ। यदि विकल्पको रुपमा ७ प्रदेशको खाका उपर पुनः विचार गरिने वातवावरण सृर्जना गर्ने हो भने हालको कर्णाली प्रदेशलाई उत्तर दक्षिण हुने गरि वहस गदै बाँके,बर्दिया अर्थात कर्णाली नदीको जलप्रवाह क्षेत्रलाई समेटेर निमार्ण गरेमा कर्णालीको समृद्धि र विकासलाई ठुलो टेवा पुग्न जान्छ। अतः कर्णालीका जुम्ला, मुगु , कालिकोट, हूम्ला ,डोल्पाले काठमाडौमा कर्णालीवासीद्धारा २०७२ भान्द्र महिनामा गरिएको आन्दोलनक मर्म र उद्धेश्यलाई सिंगो कर्णाली प्रदेशवासी समर्थन गदै थप कार्ययोजना र कार्यक्रमहरु बनाई सिंगो कर्णाली प्रदेशले दपनवन र आन्दोलान गर्ने विषयमा सोचौं ।राज्य पुनः संरचना र निवार्चन क्षेत्र निर्धारण गर्दा भु.गोल,साधन श्रोतको सम्भाव्यता,जनसंख्या ,पहिचान र स्थानियतालाई ध्यानै नदिई तय गरिएका विषयहरुले कर्णाली लगायत हिमाली प्रदेशहरु पछाडी परेको पाईयो। अहिले राजनैतिक निर्णय,बजेट अर्थात बाँडफाड वितरणमा फरक परेका नै संघ र प्रदेशमा जनप्रतिनितिका असन्तुलन वा विभेद पुर्ण राज्य पुनः संरचना नै हो। हेरौ कर्णाली प्रदेश र बागमती तथा मधेश प्रदेशका आँकडाँ २०७८ को जनगणना अनुसार कर्णालीमा जनसंखयाको धनधनत्व ५.८१ प्रतिशत,त्यस्तै गरि प्रदेश सभामा प्रतिनिधिको लागि निर्वाचन क्षेत्र २४ र संघमा १२, बागमती प्रदेशमा जनधनत्व २०.०४, प्रदेश प्रतिनिधि ६६ र प्रतिनिधि सभा ३३ र त्यस्तै गरि मधेश प्रदेशमा प्रदेश सभामा ६४ र प्रतिनिधि सभामा ३२ रहेको छ। त्यसैले निति निर्माण तहमा नै विभेद भए पछि अरुमा स्वतः विभेद र असमानता हुने नै भयो। यस्तै विषयहरुमा कर्णालीका सम्पुर्ण पक्ष गम्भिर हुन आवश्यक छ। २०६५ देखि २०७२ भान्द्र ६ गतेसम्म कर्णालीमा जनताले गरेको प्रर्दशन र आन्दोलनमा बगेको रगतको सम्बोधन र मुल्य भनेको नै विशेष अधिकार सहितको कर्णाली प्रदेश घोषणा नभएसम्म कर्णालीका सचेत नागरिकलाई आन्दोलन तयारीमा लाग्न सादर अनुरोध छ । शान्तिपुर्ण आन्दोलनलाई विना निर्णय उत्तेजित बनाउने र आन्दोलनलाई मन्थर बनाउने सबै खाले अतिवादी, महत्वाकांक्षीहरु बाट सावधान भई आन्दोलनकारी न्याय प्रेमी कर्णालीवासी जनता र कर्णाली मैत्री मित्रहरुलाई हार्दिक अपिल छ।

अब आन्दोलनलाई माथि उल्लेख गरिएका तथ्यांक र विषयवस्तुलाई गम्भिर र घनीभुत रुपमा विश्लेषण गरि अगाडि बढाउनका लागि कर्णाली वेसिन वा कर्णाली जलप्रवाह क्षेत्र तथा कर्णाली क्षेत्रबाट वसोवास गरेका बाँके,बदियाँ,कैलाली लगायत समेतलाई समेटने गरि अगाडि बढौ । हामी जस्तै उपेक्षित र अपमानित सुदुर पश्चिम प्रदेशका हिमाली तथा पहाडी जिल्लालाई हामीसँगै गालबन्द हुन आव्हान र अपिल गरौ। धन्यवाद।

**लेखक :पत्रकार ,अधिवक्ता र केन्दिय तहका सामाजिक अभियान्ता हुनु हुन्छ।**

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# संविधान दिवसका दिन दलित युवाहरूको जुलुस



• नमस्ते समचारदाता
काठमाडौं, असोज/०३

सरकारले तामझामका साथ संविधान दिवश मनाइरहँदा माइतीघरदेखि बानेश्वरसम्म 'दलितलाई खै' भन्दै प्रदर्शन भएको छ। ४४ दिनदेखि 'दलितलाई खै' लेखिएको प्लेकार्ड बोकेर माइतीघरमा धर्ना दिँदै आएका अभियन्ता खगेन्द्र सुनारको आह्वानमा युवाहरू प्रदर्शनमा उत्रिएका हुन् । सुनारले 'असोज ३ दलितका लागि एक दिन' अभियान घोषणा गरेका थिए। आजको प्रदर्शनमा सुनारबाहेक अन्य युवाहरुसमेत नेल लगाएर प्रदर्शनमा सहभागी भएका छन्।

आन्दोलन र सम्भावित झडपलाई मध्यनजर गर्दै माइतीघर क्षेत्रमा ठूलो संख्यमा सुरक्षाकर्मीहरू परिचालन गरिएको छ। सुनारले संविधानमा व्यवस्था गरिएको व्यवस्था अनुसार दलित समुदायले अवसर पाउनुपर्ने माग गरिरहेका छन् ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

# संविधानले समानुपातिक प्रतिनिधित्व सुनिश्चितता गरेको छ : मुख्यमन्त्री शाह

• नमस्ते समचारदाता
धनगढी, असोज/०३

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले वर्तमान संविधानले गरेका व्यवस्था र परिकल्पना अनुसारको अभ्यासमा मुलुक क्रियाशील रहेको बताएका छन् । संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ का अवसरमा सुदूर पश्चिम प्रदेश मूल समारोह समितिले धनगढीमा आयोजना गरेको कार्यक्रममा उनले वर्तमान संविधानबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन पुगेको बताएका हुन् । उनले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बाल मताधिकार , पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य जस्ता लोकतान्त्रिक मूल्य र मान्यताको जगमा दिगो शान्ति सुशासन विकास र समृद्धि



प्राप्तिका लागि मार्ग प्रसस्त गरेको बताए । मुख्यमन्त्री शाहले केन्द्रीकृत रएकात्मक शासन व्यवस्थाको स्थापनामा सङ्घात्मक शासन प्रणालीको व्यवस्था गर्नु यो सङ्घीयताको अर्को महत्वपूर्ण उपलब्धि रहेको छ भन्नुभयो । साझा शासन र सुशासनको उचित तालमेल मिलाई, सहकार्यता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको दिगो व्यवस्थापन गर्न वर्तमान संविधानले दिशा निर्देश गरेको उनले उल्लेख गरे । वर्तमान संविधानले नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल नहुने गरी संविधान संशोधन गर्ने मार्ग प्रशस्त गरेको स्पष्ट पारे । सो अवसरमा आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले वर्तमान संविधानले सबै विभेद र उत्पीडनहरुको अन्त्य गर्दै जातीय, भाषीक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको बताए

# हुम्लामा यसवर्ष १२ झोलुङ्गे पुल बन्दै

• नमस्ते समचारदाता
बुटवल, असोज/०३

हुम्लामा चालु आर्थिक वर्षमा १२ वटा नयाँ झोलुङ्गे पुल निर्माण हुने भएका छन्। पूर्वाधार विकास कार्यालयले सदरमुकाम सिमकोटबाहेक अन्य ६ वटा गाउँपालिकामा तीन झोलुङ्गे पुल निर्माण गर्न लागेको हो। आवश्यकताका आधारमा जिल्लाबाट माग भएर आएका खोला तथा नदीमा चालु आर्थिक वर्ष ०८१/०८२ मा १२ नयाँ झोलुङ्गे पुल निर्माण हुने र एउटा क्षतिग्रस्त झोलुङ्गे पुलको मर्मत गरिने बताए। उनले यसका लागि ३ करोड ९० लाख बजेट विनियोजन भइसकेकोले अब चाँडै निर्माण कार्य अगाडि बढाइने जानकारी दिए । सर्केगार्ड गाउँपालिका-२ को सुइनाखोलामा २० लाखमा झोलुङ्गे पुल निर्माण हुनेछ भने सोही वडाको गुम्वा जुम्ली साँघुमा ४५ लाखमा निर्माण हुनेछ । त्यसैगरी सर्केगार्ड-७ कै भ्यूपार्नमा ३० लाख र दुल्लीमुण्डी थाहामा २० लाखमा पुल निर्माण हुनेछ। यता नाम्खा गाउँपालिकाको कुडिल्लामा ३० लाखमा र छोसाममा २० लाखमा झोलुङ्गे पुल निर्माण हुनेछ । त्यस्तै, खार्पुनाथ गाउँपालिका-२ को नल्ना खार गाउँदेखि रायामा ३० लाख र सोही गाउँपालिका १ र २ को लिगेमा १० लाखमा पुल निर्माण हुनेछ। अदानचुली गाउँपालिका- ३ को पानीघट्टमा ३० लाखमा झोलुङ्गे पुल निर्माण हुनेछ। त्यसैगरी ताँजाकोट गाउँपालिकाको हग्ना खोलामा २० लाख र क्षतिग्रस्त पैमाखोला पुल २० लाखमा मर्मत गरिने छ। दुई वटाको थप बजेट व्यवस्था गर्नसके सबै झोलुङ्गे पुल यसै आर्थिक वर्षमा सम्पन्न गरिने उनले बताए।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके